नेकपा (एमाले) काठमाडौं महानगर कमिटी
स्थानीय निर्वाचन - २०७९

# प्रतिबद्धता पत्र

## काठमाडौं महानगर - समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक नगर

ऐतिहासिक संविधानसभाबाट नयाँ संविधान जारी भएपछि २०७४ बैशाख ३१ गते भएको स्थानीय तहको पहिलो निर्वाचनमा काठमाडौं महानगरपालिकाका नेकपा एमालेका उम्मेदवारहरुमध्ये प्रमुख सहित १८ जना वडा अध्यक्ष तथा कार्यपालिका सदस्य सहित ७७ जना वडा सदस्य पदमा विजय हासिल गरेका थिए । निर्वाचित जनप्रतिनिधीहरुको नेतृत्वको कार्यकाल आगामी जेठ ५ मा समाप्त हुदैछ । हाम्रो पार्टीका जनप्रतिनिधीहरुको पहिलो कार्यकालमा ऐन, नियम, कार्यविधिहरुको तर्जुमा, सडक तथा ढलहरुको नियमित मर्मत सम्भार, स्तरोन्नति तथा विस्तार, २०७२ सालको महाभूकम्पबाट क्षति भएका सम्पदाहरुको जीर्णोद्धार, पुनर्निर्माण, अमूर्त सम्पदाहरुको जगेर्ना, सार्वजनिक स्थल संरक्षण, वडा कार्यालय भवन निर्माण, विद्युतीय सुशासन, जनस्वास्थ्य सेवा प्रवर्द्धन, **स्थानीय भाषामा पठनपाठन**, आधुनिक शौचालय निर्माण, आकाशे पानी पुनर्भरण, सामुदायिक विद्यालय पूर्वाधार तथा शिक्षण सुधार, फोहरमैला व्यबस्थापनको दीर्घकालीन समाधानको कार्यान्वयन प्रक्रिया आरम्भ, युवा उद्यमशीलता प्रवर्द्धन, तथ्यमा आधारित नीति निर्माण जस्ता महत्वपूर्ण तथा दूरगामी कार्यक्रम तथा योजनाहरु कार्यान्वयन भएका छन् । विशेषतः विश्वव्यापी कोभिड-१९ को महामारीबाट ग्रसित महानगरवासीको जीवनरक्षाको लागि काठमाडौं महानगरपालिकाको भूमिका अग्रणी रह्यो ।

नेकपा(एमाले)को नेतृत्वमा अघि बढाइएका उल्लेखित कार्यहरुलाई सम्पन्न गर्न तमाम महानगरवासीहरुको चाहना, आवश्यकता एवं मागलाई संवोधन गर्न र काठमाडौं महानगरलाई साँस्कृतिक, प्रशासनिक एवं आर्थिक केन्द्र सहितको संघीय राजधानीको रुपमा विकास गर्ने अवधारणा सहित आगामी बैशाख ३० गते तोकिएको स्थानीय निर्वाचनको लागि हामी तपाईहरु समक्ष उपस्थित भएका छौं । यस सन्दर्भमा नेकपा (एमाले) काठमाडौं महानगर कमिटी निम्न प्रतिबद्धता व्यक्त गर्दछ ।

## हाम्रो प्रतिबद्धता

नेपाल सरकारले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु दिगो विकास लक्ष्य, सेन्दाई विपद जोखिम न्यूनीकरण कार्यढाँचा, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता तथा **“समृद्ध नेपाल र सुखी नेपाली”** को दूरदृष्टि अनुरुप राष्ट्रिय सोच, लक्ष्य एवम् उद्देश्यको प्राप्ति एवम् नेपालको दीर्घकालीन सोच अनुरुप समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रसहितको सघन अन्तरआवद्धता तथा उच्च उत्पादकत्व भएको, समान अवसर प्राप्त, स्वस्थ, शिक्षित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुकको रुपमा अघि बढाउने कार्यहरु काठमाडौं महानगरपालिकामा मूलप्रवाहीकरण गरिनेछ । यस मार्फत काठमाडौं महानगरलाई संघीय नेपालको साँस्कृतिक, प्रशासनिक एवं आर्थिक केन्द्र सहितको राजधानीको रुपमा विकास गरिनेछ ।

# प्रतिबद्धता पत्र

## क) शहरी आवागमन तथा यातायात पूर्वाधार विकास

१. संघ र प्रदेशसँगको सहकार्यमा संभाव्य स्थलहरूमा उपयुक्त विद्युतीय बस सेवा/BRT/ Mono Rail/ Metro Rail को रणनीति तर्जुमा गरी विकास गरिनेछ।

२. उपयुक्त स्थानहरुमा साइकल लेन तथा साइकल पार्किङ्ग निर्माण गरिनेछ।

३. सडक, ढल, फुटपाथ, सडक बत्ती आदि जस्ता नियमित मर्मत तथा ब्यबस्थापन गर्ने विषयलाई तत्काल सम्बोधन गर्न एक Rapid Action Team परिचालन गरिनेछ।

४. काठमाडौंका महत्वपूर्ण पर्यटकीय तथा व्यावसायिक स्थानहरूमा स्थानीयवासीको गाडी पार्किङ्गको वैकल्पिक व्यवस्था सहित **पैदलयात्रु मैत्री** बनाइनेछ।

५. गाडी पार्किंङ्गको अत्यधिक माग भएका स्थानहरुमा भर्टिकल मेकानिकल पार्किंग सिस्टमको ब्यबस्था गरिनेछ।

६. रानीपोखरीदेखि दशरथ रङ्गशालासम्मको गुरुयोजना कार्यान्वयन गरिनेछ। कमलपोखरी पुनर्निर्माणको दोश्रो चरण सम्पन्न गरिनेछ। वसन्तपुर कोतक्षेत्रमा खुला चोकसहितको जीवन्त संग्रहालय निर्माण गरिनेछ।

७. सार्वजनिक जग्गा संरक्षण, पार्क निर्माण तथा सञ्चालन कार्यलाई प्रमुख प्राथमिकताका साथ निरन्तरता दिइनेछ।

८. विद्युत, खानेपानी, टेलिफोन, सडक, इन्टरनेट लगायतका संस्थाहरुसँग समन्वय र सहकार्य गर्न महानगरपालिकामा संस्थागत संरचना निर्माण गरिनेछ।

९. महानगरपालिकाको ब्यबस्थापनमा रहेका सडकहरु जथाभावी खन्न रोक लगाइनेछ।

१०. काठमाडौं महानगरपालिकाको केन्द्रीय प्रशासनिक भवन, टेकुमा चार्जिङ्ग स्टेशन सुविधा सहितको बहुतल्ले पार्किङ्ग भवन तथा धर्मपथस्थित यें देय् साँस्कृतिक भवनहरुको निर्माण आगामी दुई बर्षभित्रमा सम्पन्न गरिनेछ।

११. सडक र चोकहरुमा **स्मार्ट स्ट्रिट लाइट** तथा **हाइमास्ट** जडान गरिनेछ। **स्मार्ट ट्राफिक सिग्नल**को ब्यबस्था गरिनेछ।

१२. थापाथलीदेखि बाँसबारीसम्मको सडक तथा चक्रपथ सडकमा गाडी लेन, बस स्टप, साईकल लेन तथा फुटपाथ ब्यबस्थित गरिनेछ।

१३. काठमाडौं उपत्यका यातायात ब्यबस्थापन प्राधिकरणलाई महानगरको मुख्य भूमिका रहने गरी स्वायत्त निकायको रुपमा विकास गरिनेछ।

## ग) खानेपानी, आकाशेपानी तथा ढल ब्यबस्थापन

१४. आगामी पच्चिस वर्षको जनसंख्या वृद्धिलाई दृष्टिगत गरी सिस्नेरी खोला, ठोस्ने खोला लगायतका श्रोत मार्फत नयाँ खानेपानी आयोजनाहरूको कार्यान्वयनमा सहकार्य गरिनेछ।

१५. नयाँ ढलको निर्माण तथा क्षमता विस्तार गुरुयोजना बमोजिम गरिनेछ।

# प्रतिबद्धता पत्र

१६. नगरका नदीहरुको पुनर्जीवन दिन, दिर्घकालिन सरसफाई तथा स्वच्छता कायम गर्न, सार्वजनिक जग्गाको संरक्षण गरी नदी किनार हरियालीयुक्त बनाउन अधिकार सम्पन्न वागमति सभ्यता एकीकृत विकास समितिसँग समन्वय र सहकार्य गरिनेछ ।

१७. काठमाडौं उपत्यका खानेपानी लिमिटेडको ब्यबस्थापन प्रभावकारी ढङ्गले गर्न काठमाडौं महानगरपालिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

१८. **रिचार्ज काठमाडौं** अभियानलाई थप प्रभावकारी बनाउन बर्षात्को पानी संकलन तथा पुनर्भरण कार्यका लागि **रेन सेन्टर नेपाल**को स्थापना गरिनेछ ।

१९. बर्षादमा शहरी क्षेत्रमा हुने बढ्दो डुबानको समस्या निराकरण गर्न राष्ट्रिय/ अन्तर्राष्ट्रिय संघ संस्थासँग सहकार्य गरिनेछ ।

## घ) सम्पदा संरक्षण तथा पर्यटन

२०. पुनर्निर्माण हुन बाँकी रहेका सम्पूर्ण द्यःछैं, आगंछैं, त्वाःछैं, क्वापाःछें, मन्दिर, बहाः बही, पाटी, सत्तल, ल्वहंहिटी आदि सम्पदाहरुको निर्माण कार्य सम्पन्न गरिनेछ । भद्रकाली, महाँकाल, वडा २५ को नउदेगः, संकटा मन्दिर लगायतका सम्पदाहरुको पुनर्निर्माण गरिनेछ ।

२१. बौद्ध मूर्त अमूर्त सम्पदाहरुको संरक्षण तथा प्रबर्द्धन गर्न "**बहाः बही संरक्षण तथा प्रबर्द्धन विकास समिति**" गठन गरिनेछ ।

२२. विश्व सम्पदामा सूचिकृत वसन्तपुर दरवार क्षेत्र, स्वयम्भू, पशुपतिनाथ र बौद्ध परिसरको संरक्षण तथा विकासको लागि गुरुयोजना कार्यान्वयन गर्न सहकार्य गरिनेछ ।

२३. इन्द्रजात्रा, सेतो मछिन्द्रनाथ जात्रा, पचली भैरब जात्रा, पाँहाचह्रे पर्व लगायतका जात्रा/ पर्वहरुलाई अन्तर्राष्ट्रियकरण गर्दै **विश्व सम्पदा सूचीमा** सूचीकृत गर्न पहल गरिनेछ ।

२४. काठमाडौं महानगरपालिका क्षेत्रभित्रका ऐतिहासिक, पुरातात्विक तथा वास्तुकलात्मक महत्वका परम्परागत शैलीका निजी तथा संस्थागत स्वामित्वका भवनहरुको संरक्षण तथा पुनःनिर्माणको लागि अनुदान दिइनेछ ।

२५. काठमाडौंको मन्दिर, विहार तथा निजी, संस्थागत तथा सार्वजनिक सम्पदा भवनहरु परम्परागत ढङ्गले डिजाइन तथा निर्माण गर्ने सीप, कौशलको विकास गर्न कालिगढहरुको तालिम तथा डिप्लोमा तहको पढाईको लागि आवश्यक सहकार्य गरिनेछ ।

२६. मौलिक चित्रकला, मूर्तिकला, बाजागाजाको औपचारिक शिक्षा प्रदान गर्न सामुदायिक शैक्षिक संस्थासँगको सहकार्यमा "**यें देय् ललितकला क्याम्पस"** को स्थापना गरिनेछ ।

२७. परम्परागत भवन नक्शापासमा परेको विद्यमान समस्यालाई समाधान गर्न **परम्परागत भवन तथा वस्ती निर्माण संहिता** (Traditional Building and Settlement Code) तयार गरी लागू गरिनेछ ।

२८. स्थानीय रुपमा स्थापना गरिएका विभिन्न विषयगत संग्रहालयहरूको स्तरोन्नति गरी स्थानीय संस्कृतिलाई संवर्द्धन एवं प्रवर्द्धन गरिनेछ ।

२९. महानगरपालिकाको **सिटी ब्रान्डिङ्ग** गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन प्रबर्द्धन गरिनेछ । काठमाडौंका रैथाने उत्पादनहरुको प्रबर्द्धन गर्न **'मेड इन काठमाडौं'** अभियान सञ्चालन गरिनेछ ।

३०. काठमाडौंका सम्पदाहरुको अवलोकन गराई पर्यटन अभिबृद्धि गर्न **"हप अन हप अफ"** विद्युतीय बस सञ्चालन गरिनेछ ।

## ङ) शहरी कृषि, पशुसेवा तथा बजार ब्यबस्थापन

३१. तरकारीहरू बिक्री वितरण तथा आपूर्ति गर्न प्रत्येक वडामा निश्चित समयको लागि स्थानीय समुदायको सहभागितामा तरकारी तथा घरेलु उत्पादन बजारको व्यवस्था गरिनेछ । फलफूल तथा तरकारीको उत्पादन तथा वितरण प्रणालीलाई उपभोक्तामैत्री बनाइनेछ ।

३२. खाली सार्वजनिक जमिन, निजी वा सार्वजनिक भवनको कौसीमा आधुनिक कृषि प्रविधिमा आधारित खेती प्रबर्द्धन गरिनेछ ।

३३. महानगरवासीको स्वास्थ्य सुरक्षासँग प्रत्यक्षरुपमा सरोकार राख्ने दैनिक उपभोग्य वस्तुहरूको आपूर्ति, बिक्रि वितरण तथा गुणस्तरको उचित प्रत्याभूति दिईनेछ ।

३४. बहुउद्देश्यीय परियोजनामार्फत् छाडा पशुहरूको व्यवस्थापन गरिनेछ । पशुमा हुने रेबिज रोगको उन्मूलन गर्न बृहद् भेक्सिनेसन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३५. घरपालुवा जनावरहरूको स्वास्थ्य जाँचसेवाका लागि उपचार केन्द्रको विस्तार गर्न समन्वय र सहकार्य गरिनेछ ।

## च) शिक्षा

३६. संस्थागत तथा सामुदायिक विद्यालयहरुमा स्थानीय विषयको पठनपाठन नेपालभाषामा गर्ने कार्यलाई व्यापक र प्रभावकारी बनाइनेछ ।

३७. माध्यमिक तहका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कम्प्युटर ल्याबको साथै विज्ञान प्रयोगशालाको विस्तार गरिनेछ । विज्ञान र प्रविधिमा आधारित **STEAM Club** लाई सम्पूर्ण माध्यमिक तहको सामुदायिक विद्यालयहरुमा विस्तार गरिनेछ ।

३८. शिक्षकहरूको विषयगत शिक्षण सीप, विद्यालय व्यवस्थापन, क्षमता अभिवृद्धि तथा सूचना प्रविधि सम्बन्धी विषयमा तालिम प्रदान गर्ने ब्यबस्था गरिनेछ ।

३९. महानगरभित्रका ११ वटा सामुदायिक विद्यालयहरुमा सञ्चालन गरिएको प्राविधिक विषयको पढाईलाई सबै वडामा विस्तार गरिनेछ ।

४०. विपन्न तथा पछाडि परेको समुदायका बालबालिकाहरूलाई १२ कक्षासम्मको विद्यालय शिक्षा सुनिश्चित गरिनेछ ।

४१. "एक नर्स एक विद्यालय" कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४२. सबै सामुदायिक बिद्यालयहरुमा बालिकामैत्री शौचालयको ब्यबस्था गरिनेछ । नमूनाको रुपमा दुईवटा क्याम्पसहरुमा महिलामैत्री आधुनिक शौचालयको निर्माणमा साझेदारी गरिनेछ ।

## छ) युवा रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन

४३. युवाहरुलाई नवप्रवर्तनमा आधारित व्यवसाय (Innovative Business) प्रवर्द्धन गर्ने उद्देश्यले शुरु गरिएको **काठमाडौं विजिनेस हब**लाई स्थायित्व दिई सम्बद्ध संस्थाहरुको सञ्जाल मार्फत Entrepreneurial Ecosystem प्रवर्द्धन गरिनेछ ।

४४. **"लैङ्गिक समानताको आधार : छोरी बुहारीलाई रोजगार"** कार्यक्रम अन्तर्गत बेरोजगार परिवारका महिलालाई क्षमता तथा योग्यता अनुसारको तालिम उपलब्ध गराई रोजगारीमा पहुँच सुनिश्चित गरिनेछ ।

४५. उद्यमशील महिलाहरुलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउन वित्तिय संस्थासँगको साझेदारीमा चक्रिय ऋण कोषको स्थापना गरी घरेलु उद्योग सञ्चालनको लागि **रु. १० लाखसम्म**को ऋण सहज र सरल तरीकाबाट उपलब्ध गराइनेछ ।

४६. महिलाहरुमा आर्थिक आत्मनिर्भरता अभिबृद्धि गर्न काठमाडौंका चोक, बहाल वा सार्वजनिक स्थलहरुमा स्वावलम्बी महिला समुहहरुबाट काठमाडौंका परिकार तथा उत्पादनको साप्ताहिक **महिला व्यवसाय महोत्सव** गरिनेछ ।

४७. **"हामी फर्क्यौं आफ्नै घर"** कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका काठमाडौंका युवाहरुलाई सघन उद्यमशीलता तालिम प्रदान गरी उद्यम व्यवसाय गर्न अभिप्रेरित गरिनेछ ।

४८. सार्वजनिक निजी साझेदारीको लागि उपयुक्त परियोजनाहरुको छनौट गरी **"काठमाडौं लगानी सम्मेलन"** आयोजना गरिनेछ ।

४९. स्वरोजगार व्यापार श्रमिकको दीर्घकालिन ब्यबस्थापनको लागि आवश्यक नीति तयार गरी कार्यान्वयनका लागि पहल गरिनेछ ।

५०. महानगरपालिकामा व्यवसाय प्रबर्द्धन शाखाको स्थापना तथा प्रत्येक वडामा **Business Clinic** को स्थापना गरिनेछ ।

## ज) फोहरमैला ब्यबस्थापन तथा वातावरणीय प्रबर्द्धन

५१. काठमाडौंको फोहरमैला ब्यबस्थापनमा निजी क्षेत्रसँग परियोजना विकास सम्झौता गरी आगामी आर्थिक बर्षको शुरुदेखि यस परियोजनालाई कार्यान्वयनमा लगिनेछ । फोहरमैलाबाट ऊर्जा उत्पादन गरी (Waste to Energy) काठमाडौंको फोहरमैला समस्या दीर्घकालीन रुपमा समाधान गरिनेछ ।

५२. घरधुरीस्तरमा नै फोहरमैला वर्गीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

५३. काठमाडौं उपत्यकाको शहरी पारिस्थितिकीय प्रणाली तथा जैविक विविधता (Urban Ecosystem and Biodiversity) को संरक्षण संवर्द्धनमा अध्ययन, अनुसन्धान तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ । जलवायु परिवर्तनले गर्ने असरहरुप्रति जनचेतना अभिबृद्धि गरिनेछ ।

५४. काठमाडौंलाई **खाद्य हरित शहर** (Food Green City) को रुपमा विकास गरिनेछ । यसको लागि सार्वजनिक स्थल, पार्क, सडक किनारका जग्गाहरुको व्यापक प्रयोग गरिनेछ ।

सामुदायिक विद्यालयहरुमा **हरित विद्यालय कार्यक्रम** (Green School Program) सञ्चालन गरिनेछ ।

५५. बढी घुइँचो हुने सार्वजनिक स्थलहरुमा आवश्यकता अनुसार सुविधा सम्पन्न र वातावरणमैत्री ६० वटा **आधुनिक सार्वजनिक शौचालय**हरुको निर्माण गरिनेछ ।

५६. **"स्वच्छ हावा, स्वस्थ जीवन"** लाई साकार पार्न हरियाली प्रवर्द्धनमा प्रभावकारिता हासिल गर्न तथा आधुनिक प्रविधिको उपयोग गर्नका लागि अन्तर्राष्ट्रिय संघसंस्था तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

५७. स्वाय्पेबल ब्याट्रीयुक्त विद्युतीय यातायातको प्रबर्द्धन गरिनेछ ।

## भ) जनस्वास्थ्य सेवा

५८. गुणस्तरीय एवम् न्यूनतम स्वास्थ्य सेवा प्राप्त गर्न पाउने हकलाई सुनिश्चित गर्न काठमाडौं महानगरपालिका क्षेत्रमा सञ्चालित सबै सरकारी, निजी र सामुदायिक अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर नियमन र अनुगमन गर्ने संस्थागत संरचना बनाई सो कार्यलाई अगाडी बढाइने ब्यवस्था मिलाइनेछ ।

५९. सरकारी वा सामुदायिक अस्पतालहरुसँगको सहकार्यमा कम्तिमा ५० शैयाको **महानगर ज्येष्ठ नागरिक अस्पताल** (Geriatric Hospital) सञ्चालनमा ल्याइनेछ ।

६०. सरकारी तथा सामुदायिक अस्पतालहरुमा सरुवा रोग सम्बन्धी छुट्टै एकाईको ब्यबस्था गर्न सहयोग गरिनेछ ।

६१. महानगरवासीको स्वास्थ्य अवस्था पहिचानको लागि Health Card प्रणाली अवलम्वन गरिनेछ ।

६२. काठमाडौं महानगरपालिकाको सबै वडामा सञ्चालित शहरी स्वास्थ्य क्लिनिकहरुलाई **शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र**को रुपमा विकास गरी स्त्री तथा बालरोग विशेषज्ञको सेवा उपलब्ध गराइनेछ । साथै महानगर **स्वस्थ दम्पति कार्यक्रम** सञ्चालन गरिनेछ ।

६३. सार्वजनिक तथा निजी संस्थासँगको सहकार्यमा काठमाडौंमा बिक्री वितरण हुने तरकारी, मासु तथा खाद्य पदार्थको गुणस्तर नियमित रुपमा जाँच्ने प्रणालीको विकास गर्न **गुणस्तर परीक्षण प्रयोगशाला**को स्थापना गरिनेछ ।

६४. काठमाडौँ महानगरपालिकाको सहयोगबाट सञ्चालित **निःशुल्क एम्बुलेन्स सेवा**लाई सेवाग्रहीमुखि र तत्काल संवोधन गर्ने व्यबस्था मिलाइनेछ ।

६५. मस्तिष्क पक्षघात, डाउन सिन्ड्रोम, अटिजम जस्ता दीर्घरोगका विरामीहरुको हेरचाह, स्याहार सुसार गर्ने संघसंस्थाहरुको क्षमता विकास सहकार्यलाई निरन्तरता दिइनेछ । साथै **महानगर डे केयर सेन्टर**को स्थापना गरिनेछ ।

६६. नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत महानगरवासीको स्वास्थ्य विमा शुल्कको ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

## ञ) सामाजिक सेवा र सुरक्षा

६७. महानगरपालिकाले ७५ बर्षभन्दा माथिका वरिष्ठ ज्येष्ठ नागरिकहरुलाई दिदै आएको बार्षिक रु. १२००० विशेष भत्ता बृद्धि गरी रु. १८,००० पुऱ्याइनेछ ।

६८. महिला बालबालिका सचेतना तथा क्षमता विकास कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गर्न प्रत्येक वडामा **महानगर महिला सहजीकरण केन्द्र** स्थापना गरिनेछ ।

६९. विद्यमान स्थानीय महिला समुह, बाल समुह, युवा समुहको वडागत सञ्जाल तयार गरी Asset Based City Development (ABCD) मा आधारित प्रक्रियाको माध्यमद्वारा सामाजिक विकास कार्यमा परिचालन गराइनेछ ।

७०. हिंसा पीडित तथा प्रभावितको राहत, उद्दार, कानुनी सहायता, मनोसामाजिक परामर्श र सीपमूलक कार्यक्रमको लागि **आपत्कालीन पुनर्स्थापना कोष** स्थापना र कार्यान्वयन गरिनेछ ।

७१. अनुभवी, सेवा निवृत्त, ज्येष्ठ नागरिकहरू समेतको संलग्नतामा **सिल्भर भोलेन्टियर (ज्येष्ठ स्वयंसेवक)** हरूलाई शिक्षा, स्वास्थ्य तथा समुदायमा आधारित कार्यक्रमलाई प्रभावकारी एवम् परिणाममुखी बनाइनेछ ।

७२. अति विपन्न, सीमान्तकृत, दलित र सामाजिक वञ्चितीकरणमा परेका समुदायलाई **विशेष आर्थिक उत्थान** कार्यक्रम ल्याइनेछ ।

७३. महानगरलाई सडक मानवमुक्त नगरको रुपमा व्यबस्थित र सुदृढ गरिनेछ । नागार्जुन नगरपालिकामा निर्माणाधीन **शहिद धर्मभक्त माथेमा मानवसेवा आश्रम** आगामी दुईबर्षभित्रमा सम्पन्न गरिनेछ ।

७४. सामाजिक वञ्चितीकरणमा परेका **यौनिक तथा लैंगिक अल्पसंख्यक** (LGBTQIA) समुदायको समस्यालाई उचित संवोधन गरिनेछ ।

७५. एकल, असक्त, परित्यक्त, अपाङ्गता भएका व्यक्ति, असहाय नागरिकको हेरचाह, औषधोपचारको ब्यबस्थाको साथै सक्षमहरूलाई विभिन्न जीविकोपार्जनका कार्यहरुमा सहभागी गराउने उचित व्यवस्था गरिनेछ ।

## ट) युवा, रोजगार तथा खेलकुद

७६. **"युवाको जाँगर, समृद्ध महानगर"** अभियान सञ्चालन गरी युवाहरू संलग्न विज्ञान, प्रविधि, सामाजिक सेवा, उद्यमशीलता तथा सीपबृद्धिका क्षेत्रमा उदाहरणीय कार्य गर्ने संघ संस्थासँग समन्वय र सहकार्य गरिनेछ ।

७७. युवाहरूको सहयोगी समूहको सूची तयार गरी प्रत्येक वडामा स्वस्थ जीवनशैली, नेतृत्व विकास, सकारात्मक सोच सम्बन्धी **युवासँग मेयर** कार्यक्रम सञ्चालन गरिनेछ ।

७८. उपत्यकाभित्रका नगरपालिकासँग सहकार्य गरी बहुउद्देश्यीय कभर्ड हल, योगकेन्द्र र खेलकुद मैदान निर्माण गरिनेछ ।

७९. **मेयर छात्रवृत्ति** कार्यक्रम अन्तर्गत विद्यार्थीहरूलाई इन्टर्नसीप/फेलोसीप प्रदान गरिनेछ ।

## ठ) विपद ब्यबस्थापन तथा शहरी सुरक्षा

८०. विपद जोखिममा रहेका क्षेत्रहरूमा प्राथमिकताको आधारमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरू गरिनेछ ।

८१. सुरक्षा निकायसँगको सहकार्यमा काठमाडौं **शहरी सुरक्षा प्रणाली**लाई डिजिटल माध्यमबाट कार्यान्वयन गरिनेछ ।

८२. काठमाडौंको विपद ब्यबस्थापनलाई दिगो र प्रभावकारी बनाउन महानगरका चार क्षेत्रमा **विपद व्यवस्थापन केन्द्र** सञ्चालन गरिनेछ ।

८३. घनावस्ती भएका स्थानहरू, व्यापारिक स्थलहरूमा **अग्नि नियन्त्रक यन्त्र**हरू जडान गर्न सम्बन्धित घरधनी/ व्यापारी/ व्यवसायीहरूलाई प्रोत्साहन गरिनेछ । साथै भवनहरुको विमा गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

८४. कोभिड-१९ तथा अन्य सम्भावित महामारीबाट जोगिन आवश्यक निरोधात्मक उपायहरू प्रभावकारी रुपमा लागू गर्न एकीकृत संयन्त्रको निर्माण गरिनेछ ।

८५. सडक सुरक्षालाई प्रभावकारी ढङ्गले लागू गर्ने ट्राफिक प्रहरी, यातायात ब्यबस्था विभाग, सडक विभाग तथा अन्य संघसंस्थासँग सहकार्य गरिनेछ ।

## ड) सूचना तथा सञ्चार

८६. मेट्रो टेलिभिजनको स्थापना गरिनेछ र एफ एम रेडियो तथा अनलाइन समाचार पोर्टलको क्षमता बढाउँदै लगिनेछ ।

८७. महानगरको सूचना नियमिता र प्रभावकारी संप्रेषणका लागि **मिडिया डेस्क**को स्थापना गरिनेछ ।

८८. **"डिजिटल नेपाल फ्रेमवर्क"** कार्यान्वयन गरिनेछ । महानगरबाट प्रवाह गरिने सेवा सुविधा सेवाग्राही बसेकै ठाउँबाट अघि बढाउन सकिने विद्युतीय प्रणाली वृद्धि गर्दै लगिनेछ ।

८९. भौगोलिक सूचनामा आधारित शहरी नक्शा तथा **शहरी सूचना प्रणाली** (Municipal Information System) को विकास गरिनेछ ।

९०. भौगोलिक सूचना प्रणालीमा आधारित सूचना, तथ्याङ्कहरु तथा अन्य तथ्याङ्कहरु Open Data System अन्तर्गत राखिनेछ ।

९१. गुनासो सुनुवाई प्रणालीलाई संस्थागत गरिनेछ । साथै सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गरिनेछ ।

## ढ) भू-उपयोग तथा बसोवास

९२. खास किसिमको पहिचान र प्रयोगको बाहुल्यता भएका क्षेत्रहरूमा सोही अनुसारको भूउपयोग र अन्य क्षेत्रका हकमा मिश्रित भू-उपयोगलाई प्रवर्द्धन गर्न आवश्यक अध्ययन गरिनेछ ।

९३. भौगोलिक सूचना प्रणालीका माध्यमबाट Hazard Mapping गरी उपयुक्त **जोखिम संवेदनशील भूउपयोग योजना** तर्जुमा गरिनेछ ।

९४. ध्वनी तथा वायु प्रदूषणलाई न्यूनीकरण गरी काठमाडौंको **बसोवास उपयुक्तता** (liveability) को बृद्धि गरिनेछ ।

९५. भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको पहिचान गरी भूमि सम्बन्धी समस्या समाधान आयोग मार्फत समस्याको संवोधन गरिनेछ ।

९६. सम्भाव्य स्थानहरुमा जग्गा एकीकरण तथा हाउस पुलिङ्ग आयोजना सञ्चालन गरिनेछ । Rental Apartment Housing को सम्भाव्यता अध्ययन गरी आयोजनाको विकास गरिनेछ ।

## ण) संस्थागत विकास तथा सुशासन

९७. नगरबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निष्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाई अधिकृतस्तरका कर्मचारीहरूसँग कार्यसम्पादन सम्झौता गरी **नतिजामा आधारित कार्यसम्पादन प्रणाली** अवलम्वन गरिनेछ ।

९८. वित्तीय अनुशासन/सुशासन कायम गर्न भ्रष्टाचार विरुद्धको **शून्य सहनशीलता**को नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९९. कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउँदै समग्र राजस्व प्रशासनलाई करदातामैत्री बनाइनेछ ।

१००. विभिन्न जग्गाहरूलाई सामयिक रुपमा पुनःवर्गीकरण गरी मूल्याङ्कन प्रणालीलाई सान्दर्भिक र वैज्ञानिक बनाइनेछ ।

१०१. लेखा प्रणालीमा पारदर्शिताको अभिबृद्धि गर्न महानगरको लेखा समितिको संयोजन विपक्षी दलका प्रतिनिधीले गर्ने ब्यबस्था गरिनेछ ।

१०२. सार्वजनिक पार्क, सडक, सडक बत्ती, भवन आदि सम्पूर्ण सार्वजनिक सम्पत्ति ब्यबस्थापन (Public Assets Management) को लागि कार्ययोजना बनाई लागू गरिनेछ ।

१०३. ठूला र रणनैतिक पूर्वाधारका आयोजनाहरुमा लगानीको लागि आधारशीला तयार गर्न काठमाडौं महानगरपालिकाको Credit Rating गरिनेछ ।

१०४. महानगरपालिकाको कार्यकुशलताको मापन राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाबाट गर्ने परिपाटीको विकास गरिनेछ ।

१०५. मेलमिलाप केन्द्रको क्षमता तथा स्तर वृद्धि गरी न्याय निरुपणमा पूर्ण कार्यान्वयनको सुनिश्चितता गरिनेछ ।

## त) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार

१०६. काठमाडौं उपत्यकालाई एकीकृत शहरको रुपमा विकास गर्न काठमाडौं महानगरपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।

१०७. काठमाडौं उपत्यकाका नगरपालिकाहरुको फोरमलाई संस्थागत गरिनेछ ।

१०८. भगिनी शहरका प्रतिनिधिहरूको भेला आयोजना गरी महानगरको पहिचान र अन्तर्राष्ट्रिय सम्बन्धमा प्रगाढता अभिबृद्धि गरिनेछ ।

उपरोक्त प्रतिबद्धताहरुको पूर्ण कार्यान्वयनको लागि नेपाल कम्युनिष्ट पार्टी (एमाले) संकल्प गर्दछ । काठमाडौं महानगरलाई समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक नगर बनाउने अभियानलाई साकार पार्न तपाईहरुको अमूल्य मतको लागि अपिल गर्दछौं । तसर्थ सूर्य चिन्हमा मतदान गरी नेकपा (एमाले) लाई अत्यधिक मतले विजयी गराऔं ।